म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६६ शुक्रबार १८ असोज २०८१ ने. सं. ११४४ कौलाथ्व 4 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाबाट वनरेक्ससहित तितुङ पक्राउ

हेटौंडा, १७ असोज/हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट नियन्त्रित लागूऔषध वनरेक्स लेखिएको एक सय मिलिलिटरको १५ बोतलसहित एकजना पक्राउ परेका छन् ।

राक्सिराङ गाउँपालिका-८ राक्सिराङ बस्ने २४ वर्षीय शंकर तितुङलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरीले वीरगंजबाट नारायणगढतर्फ जाँदै गरेको ना. ५ ख ८१८१ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई लागूऔषध सहित पक्राउ गरेको हो । उनीमाथि जिल्ला अदालत मकवानपुरबाट लागूऔषध कसुर मुद्दामा १५ दिनको म्यादथप अनुमति लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# अमलेखगंज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाइन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ बाराको अमलेखगंजदेखि चितवनको लोथरसम्म ६२ किमि पेट्रोलियम पाइपलाइन निर्माण गर्ने विषयमा सम्झौता भएको छ । मकवानपुरको चुरेदेखि लोथरसम्म ५० किमि राजमार्ग क्षेत्रमा पाइपलाइन निर्माण हुन लागेको हो ।




भारत सरकारको अनुदानमा २ वटा पेट्रोलियम पाइपलाइन बन्ने निश्चित भएको हो । बिहीबार भारतको सिलगुढीदेखि झापाको चारआलीसम्म र बाराको अमलेखगन्जदेखि चितवनको लोथरसम्म दुईवटा पाइपलाइन निर्माण गर्ने विषयमा नेपाल आयल निगमका कार्यकारी निर्देशक डा.चण्डिकाप्रसाद भट्ट र इण्डियन आयल कर्पोरेसनका निर्देशक सेन्थल कुमारबीच भारतको नयाँदिल्लीमा सम्झौता भएको हो ।

नेपाल आयल निगमले बिजिनेस टु बिजिनेस (बीटुबी) मोडलमा दुई पेट्रोलियम पाइपलाइन निर्माण गर्ने गरी गतवर्ष भदौदेखि तयारी सुरु गरेको थियो । निगमले गतवर्ष मंसिरभित्र थप दुई पाइपलाइन निर्माण गर्ने विषयमा सम्झौता गर्ने गरी गृहकार्य आगाडि बढाएपनि बिहीबारमात्रै भारत सरकारका पेट्रोलिमय तथा नेचुरल ग्यास सचिव पंकज जैन र इन्डियन आयल कर्पोरेसनका अध्यक्ष सतिस कुमारको उपस्थितिमा सम्झौता भएको नेपाल आयल निगमले जनाएको छ ।

सम्झौताअनुसार भारतको सिलिगुडीबाट नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन निर्माण हुनेछ । चारआलीमा १८ हजार नौ सय किलोलिटर क्षमताको 'स्मार्ट ग्रिनफिल्ड टर्मिनल' निर्माण हुनेछ । अमलेखगञ्जबाट चिवनको लोथर सम्म ६२ किमी लामो पेट्रोलियम पाइपलाइन परियोजना भारत सरकारको अनुदानमा निर्माण हुने भएको छ ।

लोथरमा ९१ हजार नौ सय किलोलिटर क्षमताको 'स्मार्ट ग्रिनफिल्ड टर्मिनल' भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमले निर्माण गर्नेछ ।

यो दुबै पाइप लाइन आयोजनाको कुल लागत १५ अर्ब रुपैयाँ रहेको निगमले जनाएको छ । २०८० जेठमा तत्कालीन प्रधामन्त्री पुष्पकमल दाहालको भारत भ्रमण भएको समयमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग २ वटा पाइपलाइन निर्माण गर्ने विषयमा द्विपक्षीय सम्झौता भएको थियो । यसअघि केपी ओली दुइतिहाई बहुमतको प्रधानमन्त्री भएको समयमा अमलेखगंज-हेटौंडा-लोथर पेट्रोलियम पाइपलाइन निर्माणको सर्भे कार्य हुँदैछ भन्ने सन्देश दिन पूर्वपश्चिम राजमार्गको हरेक ५ किमि क्षेत्रमा होडिङ बोर्ड लगाइएको थियो ।

पेट्रोलियम पाइपलाइन निर्माण गर्ने विषयमा नेपाल-भारतबीच संझौता नहुँदै राजमार्गमा होडिङ बोर्ड लगाएर जनताको आँखामा छारो हाल्न मात्र खोजेको भन्दै नागरिक समाजले यसको बिरोध गरेको थियो । गतवर्ष तत्कालीन प्रम प्रचण्ड भारत भ्रमणका क्रममा दुई देशका प्रमबीच पाइपलाइन निर्माणको विषयमा सम्झौता भएको एक वर्षपछि दुई देशको आयल निगमबीच संझौता भएको हो । अब भारतीय प्राबिधिक टोलीले डिटेल प्रोजेक्ट रिपोर्ट (डीपीआर) तयार गरेपछि बल्ल निर्माणको काम अगाडि बढ्ने छ ।

मोतिहारी-अमलेखगंज ६९ किमि पाइपलाइन परियोजना सफल भएपछि नेपाल आयल निगमले अमलेखगंज-हेटौंडा-लोथर पाइपलाइन बिस्तार गर्न प्रस्ताव गरेको थियो ।

भारतीय आयल निगमले बाराको अमलेखगंजस्थित डिपोमा ४१०० किलोलिटर क्षमताका दुई 'पेट्रोल ट्याक', २५० किलोलिटर क्षमताका दुई 'ट्रान्समिक्स ट्यांक, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित 'लोडिङ वे-रिफिलर', 'पम्प हाउस' र प्रयोगशाला निर्माण गरेको थियो ।

पेट्रोल र डिजेल दुबैमा हुनसक्ने मिसावट, ढुवानी अबरोध आदि कारणले पाइपलाइन उपयुक्त हुने बताइएको छ । एउटै पाइपलाइनबाट पेट्रोल र मट्टीतेल आयात गर्न सम्भव भएपनि भण्डारण गर्ने क्षमता नहुँदा अहिले ट्यांकरबाटै पेट्रोलियमपदार्थ ल्याउनुपर्ने निगमको बाध्यता छ । पाइपलाइनबाट पेट्रोलियमपदार्थ आयात हुँदा प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी खर्च जोगिने तथा वातावरणीय प्रदूषण कम हुनेछ ।

# भीमफेदीस्थित माण्डु हाइड्रोपावरमा एकअर्ब बढीको क्षति

साझाकुरा संवाददाता



हेटौंडा, १७ असोज/ असोज ११ र १२ गतेको अविरल वर्षाले बागमतीमा आएको बाढीले मान्डु हाइड्रोपावरकम्पनीमा ठूलो क्षति पुगेको छ । भीमफेदी-८ बागमती दोभानमा उत्पादनगृह राखेर विद्युत उत्पादन गर्दै आएको मान्डु हाइड्रोपावरको हेडवक्स, पावर हाउस, पेनष्टक पाइप र विद्युतको टावर क्षतिग्रस्त बनाएको हो ।

२०७५ सालदेखि २२ मेगावाट विद्युत उत्पादन गर्दै आएको निजीक्षेत्रको लगानी रहेको हाइड्रोपावरको बागमतीको बाढीले करिब १ अर्व रुपैयाँ भन्दा बढी क्षति पुऱ्याएको प्रमुख संचालकअधिकृत सुन्दर श्रेष्ठले बताए । 'बागमतीमा आएको बाढीले हाइड्रोपावरलाई कल्पनै नगरेको क्षति पुऱ्यायो,' उनले भने ।

पहिरोले काठमाडौंदेखि सिस्नेरीसम्मको मोटरबाटो क्षतिग्रस्त बनाएको, बाढीले सिस्नेरी बजार बगाएको र सिस्नेरीबाट ८ किलोमिटरको दुरीमा रहेको माण्डु हाइड्रोपावर कम्पनीको पावरहाउस पुग्न सिस्नेरीबाट जानुपर्छ । बाढीले त्यो मोटरबाटो पनि क्षतिग्रस्त बनाएको छ । बागमतीमा आएको बाढीले ६०० मिटर पेनष्टकमध्ये सय मिटर पेनष्टक पाइप क्षतिग्रस्त बनाएको संचालक श्रेष्ठले बताएका छन् ।

२ हजार ४ सय २४ मिटर लामो मुख्य सुरुङलाई पनि क्षति पुऱ्याएको हुनसक्ने संचालकअधिकृत श्रेष्ठले बताए । 'पानी सुकाएर हेरेपछि मात्र थाहा हुन्छ, सुरुङमा कति क्षति छ भनेर' उनले भने । बाढीपहिरोका कारणले अहिले यो क्षेत्रमा विद्युत र टेलिफोन सेवा अवरुद्ध छ । बाढीले क्षतिग्रस्त बनाएको हाइड्रोपावर संचालनमा आउन कम्तिमा ७-८ महिना लाग्ने संचालकहरुले बताएका छन् ।

काठमाडौंबाट फोहोर बटुल्दै बगेको बागमती खोलाको पानीबाट मकवानपुरको भीमफेदी गाउँपालिका-८ इपापन्चकन्याको बगरवेसीस्थित विद्यूतगृहबाट विद्युत उत्पादन गर्दै आएको छ । निजीक्षेत्रको माण्डु हाइड्रोपावर कम्पनी र चाइनिज कम्पनीको संयुक्त लगानीमा बागमतीको पानीबाट विद्युत उत्पादन गरिएको थियो ।

माण्डु हाइड्रोपावर कम्पनीले चार अर्ब रुपैयाँको लगानीमा बागमती साना जलविद्युत आयोजनाको निर्माणकार्य २०७२ जेठबाट सुरु गरेको थियो । बागमती र कोगटेको पानी इपापन्चकन्या दोभानमा १० देखि १३ मिटर उचाईको बाँध बनाएर सुरुङमार्फत् इपापन्चकन्याको बगरवेसीस्थित पावरहाउसमा पुऱ्याएर विद्युत उत्पादन हुँदै आएको थियो ।

बागमतीमा निर्माण गरिएको ५५ मिटर लामो बाँधलाई बाढीले क्षति पुऱ्याएको छ । बाँध हुँदै सुरुङबाट प्रतिसेकेन्ड १२ दशमलव ४ क्युसेक पानी बग्नेगर्छ । बागमतीमा निर्माण गरिएको बाँधबाट पावरहाउस (विद्यूतगृह) २ हजार ४ सय ४० मिटरको दुरीमा छ ।

## झ्याप्लेखोलाको पहिरोमा मनहरीकी सन्तुले पनि गुमाइन् ज्यान

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ नौबिसे-नागढुंगा सडकखण्डअन्तर्गत धादिङको झ्याप्लेखोला पहिरोमा पुरिएर मृत्यु भएका ३५ जनामा मकवानपुरको एकजना रहेका छन् ।

ज्यान गुमाउने ३५ जनाको सनाखत भएको छ । गत शुक्रबार धादिङ र काठमाडौंको सीमानानजिकै धुनिबेसी नगरपालिका-९ झ्याप्लेखोलाको पहिरोमा पुरिएर ३५ जनाले ज्यान गुमाएका थिए । जिल्ला प्रहरी कार्यालय धादिङले मृतक सबैको सनाखत गरेको हो ।

पहिरोमो पुरिएर ज्यान गुमाउने मकवानपुरको मनहरी गाउँपालिका-९ की ३३ वर्षीया सन्तु विक रहेको धादिङ प्रहरीले जानकारी दिएको छ ।

पहिरोमा दुईवटा माइक्रोबस र एक ठूलो बस पुरिँदा ३५ जनाको शव फेला परेको थियो । शवहरु पोस्टमार्टमका लागि त्रिवि शिक्षण अस्पतालमा पठाइएको छ ।

## पालुङको दशैंघर भत्किएपछि वडा कार्यालयमै राखियो जमरा



साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको ऐतिहासिक पालुङ सहरको दशैंघर भत्किएपछि स्थानीयले वडा कार्यालयमै जमरा राखेका छन् । उनीहरुले १७ असोजको शुभसाइतमा थाहा नगर पालिका वडा नम्बर २ को कार्यालयमा जमरा राखेका हुन् ।

वि.सं. २०७२ सालको भुकम्पले भत्किएको दशैघर जीर्णोद्वार हुन नसक्दा भत्किएको इन्द्रायणी भगवती कालाभैरब गुठी संरक्षण समिति पालुङका अध्यक्ष श्यमभक्त श्रेष्ठले जानकारी दिए । 'दशैघर पुनर्निर्माणका लागि वडा, नगर पालिका, प्रदेश सरकार धेरैलाई गुहाऱ्यौं, कतैबाट सहयोग भएन अन्नत: जमरा समेत राख्न सक्ने अवस्था भएन'-अध्यक्ष श्रेष्ठले भने- 'संस्कृति जोगाउनका लागि वडासँगको समन्वयमा कार्यालयमै जमरा राख्यौं ।'

स्थानीय संस्कृति र सम्पदा संरक्षणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने स्थानीय निरोज प्रधानले बताए । पालुङमै बागमती प्रदेश सरकारले पुनर्निर्माण गरेको फल्चामा पनि छानाको अभावमा प्लाष्टिक लगाइएको छ ।

पालुङमा राज्यको संरचना हुँदा दशैंघरमा जमरा राख्ने, फूलपाती भित्राउने लगायतको कार्य गर्ने प्रचलन रहेको थियो । पालुङको दशैंघरमा अहिले पनि फूलपाती भित्राउनका लागि स्थानीय सरकारप्रमुखहरु पुग्ने परम्परा अझै छ भने दशैको टीकाको दिन सरकारप्रमुखले अन्य स्थानीयलाई टीका र जमरा लगाउने चलन छ ।

यसपालि पनि दशैंघर परिसरमा २४ गते फूलपाती भित्राउने, २५गते नवमी पूजा गर्ने र २६ गते टीका लगाउने तालिका प्रकाशन गरिसकिएको इन्द्रायणी भगवती कालाभैरब गुठी संरक्षण समितिका सचिव मधुकरविक्रम श्रेष्ठले जानकारी दिए ।

## मकवानपुरमा १८ महिने शिशुसहित दुईजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाउँपालिका-६, प्रतापपुरमा १८ महिने शिशुको घरनजिकैको कुलोमा डुबेर मृत्यु भएको छ ।

बुधबार श्याम प्रजाको छोरा १८ महिनाको सामुयल प्रजा घरनजिकै खेल्दै जानेक्रममा घरदेखि ५० मिटरको दुरीमा रहेको कुलोमा डुबिरहेको अवस्थामा भेटिएको थियो । अचेत अवस्थामा भेटेको शिशुलाई उपचारका लागि मनहरी अस्पताल पुऱ्याइएको थियो । मनहरी



अस्पतालका चिकित्सकले शिशुलाई मृत घोषित गरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

यसैगरी, मनहरी गाउँपालिकास्थित राप्तीखोलाले बगाएर एकजनाको मृत्यु भएको छ । मनहरी गाउँपालिका-६ का ५५ वर्षीय भद्रबहादुर राईलाई गोठालो जानेक्रममा सोमबार राप्तीखोलाले बगाएर बेपत्ता पारेको थियो । मनहरी कत्लेखोलास्थित सशस्त्र प्रहरी पोस्टका प्रहरी र स्थानीयवासीले खोजी गर्ने क्रममा मनहरीकै मचानमा घाइते अवस्थामा राईलाई फेला पारेका थिए ।

राईको प्रारम्भिक उपचार मनहरीस्थित मनहरी अस्पतालमा गरिएको थियो । उनको थप उपचारका लागि भरतपुरस्थित पुरानो मेडिकल कलेज लगिएको थियो । उपचारका क्रममा राईको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

## सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पऱ्यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०२३३

साझाकुरा

## हाम्रो कुरा

# जनताप्रति सरकारको गैरजिम्मेवारी

बागमती प्रदेश सरकारले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रम दलको हो वा सरकारको ? भन्नेमै अन्यौलता देखिएको छ । कार्यक्रमका 'कपिपेष्ट' बुँदा हेर्दा लघुकथा लेखे झैं लाग्ने न्यूनतम साझा कार्यक्रम चर्चाकै लागि सार्वजनिक गरिएको देखिएको छ । ६ असोज २०८० मा बागमती प्रदेशसभा भवनस्थित कांग्रेस संसदीय दलको सभाहलमा न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरिएको थियो । प्रदेश सरकार गठन भएको दुई महिनापछि ल्याइएको न्यूनतम साझा कार्यक्रममा धमिरा लागेको छ । सरकारले न्यूनतम साझा कार्यक्रमको प्रस्तावनामै ढाँटेको छ । सरकारले न्यूनतम साझा कार्यक्रममा संविधान संशोधनका लागि संघीय सरकारलाई सहयोग गर्ने, योजना बैंक स्थापना गर्ने, सार्वजनिक विद्यालय गाभ्ने कार्यक्रमलाई प्रभावकारी बनाइने, ३ वर्ष मुनिका बालबालिका र ७५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्यउपचार गर्ने नीति लिइने लगायत विषय समेटेको थियो । प्रदेश सरकार, संघीय सरकारप्रति परनिर्भर नभई आत्मनिर्भर र स्वायत्तरुपमा कार्य गर्न अत्यावश्यक कानूनहरु निर्माण गर्ने, योजना तर्जुमा, प्रदेशको बोझिलो संर चनाहरुको अडिट गरी चुस्त र व्यवस्थित बनाउने योजना सरकारले कार्यक्रममार्फत सार्वजनिक गरेको थियो । तर, यसको कार्यान्वयनमा शंका पैदा भएको छ ।

६७ बुँदे न्यूनतम साझा कार्यक्रमको प्रस्तावनाको अन्तिममा 'नेपाली कांग्रेस र नेकपा (एमाले) बीच भएको सहमति बमोजिम मन्त्रिपरिषद्को भाद्र २६ गते बसेको बैठले पारित गरी नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रम सार्वजनिक गगरिएको बताइएको थियो । तर, सरकारले प्रस्तावनामा भनेअनुसार २६ भदौको मन्त्रिपरिषद् बैठकले न्यूनतम साझा कार्यक्रम पारित नगरेको पाइएको हो । सोही दिन बसेको मन्त्रिपरिषद् बैठकमा न्यूनतम साझा कार्यक्रमबारे मौखिक छलफल भए पनि निर्णय भने नभएको सरकारका प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले जानकारी दिएका छन् । 'कांग्रेस र एमालेबीच सहमति भएर सार्वजनिक गरिएको हो । क्याबिनेटमा मौखिक सहमति भएको हो, क्याबिनेटबाट त्यसरी प्रस्ताव पारित भने नभएको उनले बताएका छन् । सरकारको यो कदमले पछिल्लो गठबन्धनमा 'धमिरा' लाग्न थालेको बताइएको छ । सरकारको मार्गचित्रको रुपमा लिइने न्यूनतम साझा कार्यक्रमलाई सरकारले नै 'मजाक' बनाएको हो । मन्त्रिपरिषद्बाट निर्णय नै नभएको कार्यक्रमलाई निर्णय भएको बताउने सरकारले सार्वजनिक गरेको १० दिनसम्म पनि मन्त्रिपरिषद्बाट अनुमोदनसमेत गरेको छैन । मन्त्री लामिछोनले बुधवार बिहान हेटौंडा बसेको मन्त्रिपरिषद् बैठकबाट पनि यसको अनुमोदन नभएको बताए । सरकारको हचुवा गतिप्रति विपक्षी दलका मात्र हैन सत्तापक्षकै सांसदको पनि असन्तुष्टि छ । न्यूनतम साझा कार्यक्रम ल्याउँदा छलफल नगरेको भन्दै कांग्रेसका सांसदहरु सार्वजनिक गरिएकै दिन संसदीय दलको कार्यालयबाट असन्तुष्ट जनाएर बाहिरिएका थिए । न्यूनतम साझा कार्यक्रम ल्याउँदा आफ्नै दलका सांसदलाई चित्त बुझाउन नसकेका दलका नेतासमेत रहेका मुख्यमन्त्री लामाको कार्यशैलीलाई लिएर पार्टीभित्र र बाहिर चर्को आलोचना भइरहेको छ ।

न निर्णय छ, न आधिकारिक रुपमा अनुमोदन भएको छ । यसलाई सरकारले यति हल्कासँग लियो की समाचारमा अनुहार देखाउनका लागि चर्चा पाउन मात्रै निकालिएको एउटा कागजी प्रक्रिया जस्तै भएको सत्तापक्षकै एक सांसदले भनेका छन् । आफ्नै न्यूनतम साझा कार्यक्रमप्रति अनुदार सरकारले नागरिकको अपेक्षा, चाहनाअनुसारको सेवाप्रवाह र विकास निर्माणको काम गर्छ भन्नेमा सुरुवाती बिन्दुबाटै उब्जिएको शंकालाई यसले पुष्टि गरेको विपक्षी दलका सांसदहरु बताउँछन् । न्यूनतम साझा कार्यक्रमको अपनत्व लिनबाट पन्छिने सरकारको गतिविधि प्रतिपक्षी दलले नजिकबाट नियालिरहेको बताइएको छ । सरकार नै आफ्नो कार्यक्रमप्रति जिम्मेवार नहुनु राम्रो नभएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चिल्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज १९ गते शनिबार ५ अक्टोबर २०२४ । तृतीया, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:५९, सूर्यास्त ५:४३ । विश्व शिक्षक दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मुद्दा-मामिलामा विजयी भइनेछ | तुला | : व्यवसाय अवरुद्ध बन्न सक्नेछ |
| वृष | : लगनशीलताले उपलब्धि दिलाउनेछ | वृश्चिक | : सहयोगीका माध्यमबाट काम बन्नेछ |
| मिथुन | : प्रयत्न सफल हुनेछ | धनु | : बन्धु-बान्धवबीच आत्मीयता बढ्नेछ |
| कर्कट | : पढाइलेखाइमा प्रगति हुनेछ | मकर | : कृषि-चौपायाबाट लाभ मिल्नेछ |
| सिंह | : सेवामूलक कामबाट धनलाभ हुनेछ | कुम्भ | : नयाँ काममा सफलता मिल्नेछ |
| कन्या | : स्वास्थ्य कमजोर रहनेछ | मीन | : स्थायी सम्पत्ति जोड्ने समय छ |

# दशैं मात्र होइन, देश नै संकटमा



अच्युतप्रसाद पौडेल 'चिन्तन'

विगतको कुनै समय देशमा ज्यान लिनेहरुको बिगबिगी थियो, अहिले देशमा तर माराहरुको बिगबिगी छ । देशमा विपत्तिले संकटकाल घोषणा गर्नुपर्ने बेलामा सतह मार्ग अवरोधको मौका छोपी हवाई मार्गको भाडा बढाउने उद्यमी-व्यापारीहरु पनि छन् हाम्रै देशमा । देश ध्वस्त प्राय: भएका बेला भ्रमणलाई छोट्याई स्वदेश फर्केर राहत वितरणतर्फ लाग्नुको सट्टा धनीमानी देशको मेजमानीमा रमाउँदै बिस्तारै स्वदेश फर्कने नेतृत्व पनि छ देशमा । नब्बे सालको भूकम्प हुनासाथ सुदूरपश्चिम भ्रमणमा रहेका श्री ३ तुरुन्तै काठमाडौं फर्केको देश पनि हाम्रै हो र हवाई भाडा वृद्धि नगर्न अमेरिकाबाटै आदेश दिएर स्वदेशको सरकारी संयन्त्रलाई नाङ्गेझार, निष्क्रिय पार्ने लोकतन्त्र पनि हाम्रै देशमा छ । त्यो देश जुन देशमा असौज १२ को दर्दनाक अवस्था थियो, संघीय गणतान्त्रिक र लोकतान्त्रिक भनिएको देश हो यो, अनि जुन देशमा हाम्रो नेतृत्वले विपत्तिकै घडीमा लामो समय बितायो त्यो देश पनि त्यही नामको हो ।

स्वदेशमा उत्पादन छैन, उत्पादन गर्ने हातहरु लोकतन्त्रले निर्यात गरिसकेको छ र त्यो पैसाले देशको अर्थतन्त्र चलेको छ, धन्न-धन्न मात्रै । गएको श्रावणमा मात्रै लोकतन्त्रले मान्छे निर्यात गरेर १ खर्ब ३६ करोड कमाएको छ । वस्तु त सबैजसो आयात नै हुने हो । देशमा विपत्ति आइरहँदा इन्धन एक हप्तालाई पुग्ने र अत्यावश्यक सामान दुई हप्तालाई पुग्ने देशमा छ भनिएको छ । उत्तरी नाका सबै बन्द भए, दशैंका लागि आयात गरिएका खाद्यान्न, जुत्ता, लत्ताकपडा उत्तरतिरका नाकामै अड्किए, यसो भनौं आउँदै गरेका कन्टेनरहरु उतै रहे, बाटो छैन अब । कोरोनाले वर्षौं थन्किएका तातोपानी भन्सार नाका अनि रसुवागढी बल्लबल्ल चल्न शुरु भएका थिए, त्यहीँबाट इन्धन ल्याउने भन्दै अलाप गरियो, अहिले ध्वस्तप्राय: छन्, बीचतिरका पुल र बाटाहरु सबै सुतेकै हुन् । काठमाडौं जोड्ने बाँकी सबैजसो सडक, नाकाहरु सोत्तर भएका छन्, नागढुंगा तल लासहरु झिकिसाध्य छैन, गाडीहरु त सबैजसो बेकामी भइसकेका छन् । विदेशी मुद्रा सञ्चिति २१ खर्ब पुगेको भनेर सरकार तिमी हौसियौ, बजारका संयन्त्र निष्क्रिय भइसकेका छन्, देशैभरि दशैंका सुपथ मूल्यका पसल भट्यायौ, कुन वस्तु कहाँबाट ल्याएर डेलिभरी गर्छौ सरकार ? अब देशमा पूरै संकटकाल घोषणा गर्ने बेला भइसकेको छ । पुरानो बक्यौता सबैजसो तिर्न बाँकी छ ।

अहिले राहत कसरी दिन्छौ, कसलाई दिन्छौ सरकार ? पुनर्बास कसलाई दिन्छौ ? धेरैको उठिबास भइसकेको छ । एक कदम अगाडि बढेर भन्नुपर्दा देशबासी सबैलाई राहतको घोषणा गर्नुपर्ने भइसकेको छ । पहिले गरिएका राहतका प्याकेज नै उधारोमा छन् । देशले धान्नै नसक्ने राजनीतिक संयन्त्र बनायौ । सबैले मिलेर देशलाई सुकिटाट बनाइसकेका छन् । सानो देश राणाहरुले केन्द्रबाटै चलाएका हुन् । अहिले लोकतन्त्र, संघीयता भनिरहँदा पनि देश बालकोट वा बूढानीलकण्ठबाटै चलेको हो, अनि खुमल्टारतिर बाट पनि चलेको हो, समावेशी भनिरहँदा उनै राणाहरुका सन्तान तिम्रो आफन्त परेकाले ठूलै दर्जामा पुऱ्यायौ र उनकै सबै इशारामा हालको दुई तिहाई बनेको सबैलाई थाहा छ । त्यसैले सरकार तिमी जनतालाई राहत दिन चाहन्छौ भने पहिला तिमीले तय गरेका असंख्य संयन्त्र र तिमीले दिइएका राजनीतिक रोजगारीलाई बन्द गर ।

समय यही हो संकटकाल लगाएर पछिल्ला संयन्त्रहरुलाई निलम्बनमा राख र तिनलाई गइरहेको खर्बौं खर्ब रकमले नेपाली आमालाई न्याय देऊ । देखिएका र नदेखिएका भ्रष्टाचारहरु तिमीबाट रोकिने छाँट छैन, असुल्ने छाँट पनि छैन । तिमीले भ्याकेट मागेको एक हप्ता नबित्तै नदीले आफ्नो यथार्थ रुप देखाइसकेको छ । तिम्रा संयन्त्रहरु एकजुट भएका छन् अदालतको परमादेशलाई भ्याकेट गराउन । भ्याकेट मात्रै समाधानचाहिँ होइन, पहिले खोलालाई बग्न देऊ जसरी मान्छेलाई खाडीमा बग्न दिएका छौ । तिम्रा असारे डोजरहरुले खनेका हुन्, भत्काएका हुन्, गलाएका हुन्, जथाभावी पैसा दियौ स्थानीय सरकार भन्दै अहिले त्यसको रौद्ररुप देखिएको मात्र हो ।

कर बढाएका छौ । अन्तशुल्क र भन्सार बढाएका छौ । लुकेर सवारीसाधनमा चिट काटेर अर्बौं अर्ब रकम जरिवाना उठाएका छौ । सेवा नाम मात्रको दिएजस्तो गरेर हजारौं प्रतिशतले शुल्क उठाएका छौ । करका नाममा नेपालीको घाँटी निमोठिएको छ । धारा-बत्तीकै महसुल चर्को छ, जरिवाना त्यस्तै छ । तिम्रा सेवा दिन खोलिएका अनगिन्ती संयन्त्रहरु प्रालिजस्तै छन् । कतै न कतै बिदा नभएको दिन हुन्न । पैसा नदिई कुनै सेवा पाइन्न । यहाँसम्म कि लघुशंका, दीर्घशंका पनि निशुल्क छैन, पार्किङ शुल्कको विरोध गर्न एउटी महिला जर्मनीबाट आएर कराएकी तिमीले देखेकै छौ होला । बालेनसँग टक्कर लिने तिमीले धरहरामुनि पनि शुल्क उठाउन नछोड्ने भएका छौ । सरकार तिमीले भनेको मेट्रो, मोनोरेल, पश्चिम-पूर्व रेल यी सबै गीतमा सीमित हुने हुन् ।

हुने बिरुवाको चिल्लो पात सरकार तिमी आफैं उखान र टुक्कामा माहिर छौ । जनता तमाम निराश छन्, अब पनि तिम्रा वेदान्ती भाषण वा राहतका प्याकेजबाट विश्वास हने आशा गर्छौ, अहँ त्यो सम्भव छैन अब । दिए यदि भने विदेशीले डलर पठाउने हुन्, दाता छन् ती मनग्ये देलान् पनि तर बहत्तरको भूकम्पमा आएका त्रिपाल लिनेहरु सरकार तिम्रै आसेपासे हुन्, हाम्रो घर भत्किँदा त अहिलेसम्म त्यसको अभिलेख राखेनौ, राहत त हाम्रा लागि शब्दकोशमै नभएको कुरो, दलको झोला नबोकेको भरमा, दिनहुँ ताकेता नगरेको नाममा भूकम्पमा भत्किएको अभिलेखसम्म नपाउने पंक्तिकार हो यो । बाहिर होइन, यहीँ राजधानीमा, एकजना मित्रले थाहा पाएर त्रिपाल र एक बोरा चामल लिएर आए । ती मित्र अहिले पनि छन्, यतै कतै, एक महिना खुल्ला चौरमा सुतेको हो । त्यसैले अहिले पनि राहत वितरण असल ढंगले होला, यो विश्वास छैन, सबै आँ गरी बसेका छन्, कसलाई दिन्छौ लगेर कति छ खाद्यान्न मौज्दात ?

उत्पादन र निर्यातको कुरो गर्ने हो भने ठूलो नाका वीरगन्जबाट श्रावण र भाद्र २ महिनामा निर्यात भएको सवा ५ अर्बको सामान हो, आयात भने यो समयमा विदेशी रक्सी नै २५ करोडको भएको छ, अरु कुरै नगरौं, र स्मार्ट फोन नै हरेक महिनामा ४ अर्बको आयात हुन्छ । सरकार तिमीले सिकाएको आम नेपालीलाई स्मार्ट फोन चलाउन हो, न नैतिकता, इमानदारिता, सु-शिक्षा, असल संस्कार नै सिकायौ तिमीले, तिम्रो राजनीतिक पृष्ठभूमि नै असल संस्कार हो कि होइन, थाहा छ सबैतिर, रत्नाकर सबै वाल्मीकिजस्तै कसरी होलान् र ? डेढ दर्जन बढी जलविद्युत् योजनाहरुको क्षति भइसकेको छ, करिब १३ सय मेगावाट विद्युत् उत्पादन बन्द भएको छ । आधाआधी हो यो कुल उत्पादनको । काठमाडौंमै अधा विद्युत् आपूर्ति कटौतीमा छ ।

तमाम जिल्लाहरु सम्पर्कबाहिर छन् । नेटवर्क लागिरहेको छैन । खानेपानी सेवालगायत अन्य संरचनाहरु ध्वस्त छन् । अरुलाई भए पो मुद्दा हाल्ने, खोलामाथि मुद्दा लाग्दैन होला । दिनदहाडै काठमाडौंमा मान्छे मरे, सरकार तिम्रा हेलिकोप्टरले अघिपछि त टुँडिखेलमा फूलको वर्षा गराउँथ्यो नि, अहिले त खोइ ? संविधान दिवसका दिन नारायणहिटीअगाडि सजिएको मञ्च कस्तो थियो, कति खर्चको थियो सरकार, तिमीलाई याद होला । त्यहीँ तिमीलाई घोचपेच भएकै हो । यो गरिब देश सुका, मोहोर, आठानीले धोतीमा लुकाएर राखेको पैसाले दशैं मान्ने हाम्रा पुर्खालाई भुसुक्कै बिर्सियौ र गुटरेसहरुसँग हात मिलाउँदा देश उनकै तहमा पुग्ला भन्ने आशा गऱ्यौ । त्यो सर्वथा झुट थियो । अरुले दिएको मलहमले कुन घाउमा कति मात्रा लगाउने ? सरकार तिमी र तिम्रा सुरक्षाकर्मीहरुलाई घटाएर हेर, डेनमार्ककी प्रधानमन्त्री साइकलमा आवतजावत नर्छिन्, त्यो पनि हेर । उत्तरको मित्र किसानको खेतबारीमा जान्छ, सडकमा गएर बेल्चा चलाउँछ । तिम्रो निम्तो मान्दै केही घण्टा यहाँ पनि आयो र उसले भन्यो- सुशासन कायम गर भनेर । तर तिम्रो सुशासनको नाटकमा आफन्तहरु मोटाए मात्र, जनताको जीवनस्तर उठेन मात्रै होइन, ऐय्या पनि भन्न नभ्याई ठहरै भए । सरकार त्यो दृश्य हेर्न तिमी कुदेर त्यही दिन यहाँ आइपुग्नुपर्थ्यो तर आएनौ, दिन घर्किसकेपछि मात्र आइपुग्यौ ।

अझै समय घर्केको छैन, बाँकी नेपाली बचाउने हो भने तिमीले पालेका सबै संयन्त्र खारेज गर । १२ जनाको मन्त्रिमण्डल बनाऊ केन्द्रमा । ७५ जिल्ला हो पहिले, त्यहाँ शान्ति सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारीलाई अधिकार देऊ । सबै जिल्लामा समन्वय गर्ने गरी विकास अधिकारी एकजना राख । विकेन्द्रीकरणको सिद्धान्त तिमीलाई याद छैन भने देशमा धेरै विज्ञहरु छन्, सबै काम पूरा हुन सक्छ । अब जनता नै धेरै बाँकी छैनन्, वृद्धि दर पनि माइनस हुन लागेको छ, सक्छौ भने विदेशिएकालाई फिर्ता गरेर यहाँको विकास निर्माणमा लगाऊ, उत्पादनमा लगाऊ ।

विदेशीले अब तिम्रा जनतालाई खाद्यान्न सधैं नदिन सक्छ, अहिले नै कोटा छ, तिनका पनि जहान छन्, उत्पादन सधैं एकनास हुन्न । लोकतन्त्रले ल्याएको अहिलेको निष्क्रिय संयन्त्रमा तिमी र तिम्रा आसेपासे मात्रै छन्, तिम्रो सिद्धान्त नमिल्ने बालेन त हार खाने अवस्थामा छ, केमेस्टी नमिल्नासाथ सरकार तिमीलाई १०४ को ज्वरो आउने गरेको छ । सरकार सबैभन्दा बढी राम्रो भनिएको बीपी र ाजमार्ग पनि ओइलिएको छ अहिले, बीपीको सिद्धान्त त पहिले नै ओइलिएको हो । गणेशमान, कृष्णप्रसाद, मदन भण्डारी, पुष्पलाल, मनमोहनहरु थिए, यो देशलाई केही गरौं भन्ने खालका तर तिमीहरुका अगाडि ती टिक्न सकेनन् । शताब्दी बढी रहेको संस्थालाई उडायौ, संकटका बेला केही शालिकलाई भए पनि पूजा गर्ने हाम्रो चलन थियो, त्यो पनि छैन अहिले । आफ्नो बाहेक अरुको रजगज देख्न नसक्ने तिमीलाई इतिहासले धिक्कार्नेछ । दशैं आओस् जाओस्, कसको मनमा खुशी छ अहिले, न हिजो नै थियो । तिम्रा दशैंका शुभकामनाले केही काम गर्दैन । त्यसैले यसपालि तिम्रा मुखबाट शुभकामना सुन्न नपरेकै बेस होला । शुभकामनाले के हुन्छ जब कि कुनै दिन पैसा उठाउनेबाहेक शुभ काम भएकै देखिँदैन त तिम्रो राज्यमा ।

*(साभार: न्यूज अफ नेपाल)*

# विपद्पछि विश्लेषण गर्नुपर्ने प्रश्न

डा. नारायणप्रसाद सुवेदी

यही असोज १०-१२ गतेको वर्षामा काठमाडौं उपत्यकामा २४ घण्टामा ५४ वर्षयताकै उच्च वर्षा मापन गरियो । जल तथा मौसम विज्ञान विभागका अनुसार असोज १०-१२ मा १४ जिल्लाको २५ मापन केन्द्रले पुरानो रेकर्ड तोड्दै भारी वर्षा मापन गरे । यस घटनाले नेपालमा वार्षिक ५०० भन्दा बढी बाढी, पहिरो र हिमपहिरोजन्य विपद् निम्त्याउने अवस्थालाई पुन: पुष्टि गऱ्यो । विगतका घटनाहरू हेर्दा, २०५० सालमा टिस्टुङ क्षेत्रमा २४ घण्टामा ५४० मिलिमिटर वर्षा हुँदा कम्तीमा १३५६ जनाको मृत्यु हुनुका साथै अर्बौंको सम्पत्ति क्षति भएको थियो । राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका अनुसार १० वर्ष (२०६८ सालदेखि २०७७ सम्म) मा १८९६ जनाको मृत्यु, करीब १९ अर्ब ६९ करोडको क्षति भएको पाइन्छ, जसमध्ये वि.सं. २०७७ मा मात्रै ३४३ को मृत्यु एवं सबैभन्दा बढी क्षति (१४ अर्ब ९४ करोड) २०७१ सालमा भएको देखिन्छ ।

### वर्षा र बाढीको वर्तमान अवस्था

असोज १२ शनिबार काठमाडौं उपत्यकाका विभिन्न स्थानमा २४ घण्टामा अत्यधिक वर्षा मापन गरिएको थियो । त्रिभुवन विमानस्थल वर्षा मापन केन्द्रमा २३९.७ मिलिमिटर वर्षा मापन भयो, जुन २२ वर्षअघिको १७७ मिलिमिटरको रेकर्डलाई तोड्यो । नेपालमा सन् १९७० देखि वर्षाको अभिलेख राख्न थालिएको पाइन्छ । काठमाडौंमा शुक्रबार बिहानदेखि सुरु भएको भारी वर्षा शनिबार अपराह्नपछि मात्रै रोकिएका कारण उपत्यकाका नदीहरूमा अत्यधिक बाढी आउँदा नदी आसपासका शहर र सडक जलमग्न बनी उपत्यका आक्रान्त भएको थियो । देशभर अविरल वर्षापछि आएको बाढीपहिरो र डुबानका कारण अहिलेसम्म २०० भन्दा बढी जनाले ज्यान गुमाएका छन् भने अझै धेरै जना बेपत्ता छन् ।

उपत्यकामा पहिले पनि सानो र ठूलो बाढी आएकै थियो, तर पनि त्यतिबेला नदी प्राकृतिक स्वरूपमै आफ्नो बहाव क्षेत्रमा बगेको थियो, जसले गर्दा नदीको दायाँ र बायाँ किनारामा त्यस्तो अप्रत्यासित बाढी र क्षतिको महसुस भएको पाइएको थिएन । तर अहिलेको अवस्था मानव अतिक्रमणका कारण जटिल बनेको छ । नदीहरूमा फोहोर मिसाएर जल प्रवाह अवरुद्ध गरिएकोले गर्दा पनि आसपासका क्षेत्रमा केही हदसम्म बाढीको सम्भावना बढाएको पाइन्छ । जलवायु परिवर्तनको असरले पनि अप्रत्यासित वर्षा निम्त्याएको हुनाले यसबाट पाठ सिक्दै हामीले पूर्वतयारी गर्न आवश्यक छ ।

### उपत्यकामा बाढीको प्रभाव

काठमाडौं उपत्यकामा पानी सोस्ने र भण्डारण गर्ने प्रणाली अव्यवस्थित छ । पहिले उपत्यकाका खेत, खुला जमिन र हरियाली क्षेत्रहरूले पानी सोस्ने, पानीको बग्ने वेगलाई कम गर्ने र विस्तारै जमिनमुनि छिराउने काम गर्थे । फलस्वरूप आंशिक बाँकी पानी मात्रै बग्ने र एक स्थानबाट अर्को स्थानमा पानी पुग्न समय लाग्ने र पानी विस्तारै फैलिन र सर्न सक्ने हुनाले, एकातिर बाढीको खतरा घट्न जाने अर्कोतिर उपलब्ध समयमा सुरक्षित स्थानमा पुग्दा मात्रै पनि केही क्षति न्यूनीकरण हुने गरेको थियो । तर अब उपत्यकामा अव्यवस्थित शहरीकरणका कारण पानी सोस्ने क्षमतामा कमी आएको छ । बागमती नदीको बहाव क्षेत्र विभिन्न पुलहरूमा अपुग रहेकोले कतिपय स्थानहरूमा डुबान र कटान हुने गरेको छ । उदाहरणको लागि बागमती नदीको यूएनपार्कमा करीब ५५ मिटर र थापाथलीमा करीब १६० मिटर लामो पुल रहेको छ ।

काठमाडौंका मुख्य नदीहरू, जस्तै बागमती, विष्णुमती, धोबी खोला, नख्खु खोला, मनोहरा, हनुमन्ते लगायतमा मानव अतिक्रमण हुँदा ती साँघुरिएका छन् । विष्णुमती, धोबी खोला, मनोहरा, हनुमन्ते, गोदाबरी खोला र नख्खु खोला लगायतका खोला/नदीहरू बागमती नदीका सहायक नदीहरू हुन् । हनुमन्ते र गोदाबरी खोला मनोहरा खोलामा मिसिई शंखमूल योगा पार्क नजिकै बागमती नदीमा समाहित हुन्छन् भने नख्खु खोला चोभार डाँडा भन्दा अपस्ट्रिम तथा बागडोल बाटिका भन्दा डाउनस्ट्रिम बीचको स्थानमा बागमती नदीमा मिसिन्छ ।

नदीले आफ्नो तल्लो तटीय क्षेत्रमा पार्न सक्ने प्रभाव, असर र क्षति माथिल्लो तटीय क्षेत्रमा भएका, गरेका/गरिएका क्रियाकलापहरूसँग अत्यन्तै अन्तरसम्बन्धित हुन्छन् । जलाधार क्षेत्रको संरक्षण, सम्वर्धन र व्यवस्थापन विना स्वस्थ तथा व्यवस्थित नदी प्रणाली सम्भव देखिँदैन, जुन तल्लो तटीय क्षेत्रमा हुने बाढी डुबान, गेग्रान कटान, पटान, नदीको बेड लेवल बढ्ने वा घट्ने जस्ता जलजन्य प्रकोपसँग सम्बन्धित समस्याहरूको न्यूनीकरण तथा व्यवस्थापनका लागि महत्वपूर्ण छ । यी नदीहरूमा पहिले पर्याप्त बहाव क्षेत्र रहेको भए पनि, अहिले खोला किनारामा बस्ती बसालेकाले बाढीको समस्या थप गहिरिएको छ । यसले नदी प्रणाली र जलाधार क्षेत्रको संरक्षणमा चुनौती खडा गरेको छ ।

### क्षतिको कारण र विश्लेषण

हालको बाढी र डुबानको प्रमुख कारण मानवीय गतिविधिले सिर्जना गरेको अतिक्रमण हो। उदाहरणका लागि, नख्खु खोला क्षेत्रका पहाडहरूमा भएको वन फडानी र अव्यवस्थित उत्खनन्का कारण माटो, ढुङ्गा र लेदो नदीमा बगेर तल्लो तटीय क्षेत्रको जमिन उर्वर नबनाई माटो ढल्किएर बाढीको मात्रा बढाएको पाइन्छ । त्यसैगरी लेले नल्लुको दमसिडोल सामुदायिक वनका केही पहाडहरू उजाड देखिन्छन्, रूखहरू छैनन्, केवल भूस्खलन योग्य चट्टानहरू छन् । काटिएका नांगा उत्खनित पहाडहरूबाट निस्कने ढुङ्गा, धुलो र माटो सिधै नदीमा मिसाइएको पाइन्छ । वर्षौंदेखि सञ्चालित ढुङ्गाखानी, अत्यन्तै भिरालो क्षत-विक्षत पहाड, उत्खनन् गरिएपछि असरल्ल छाडिएका ढुङ्गामाटोले नख्खु खोलाको तल्लो तटीय क्षेत्रमा माटो, ढुङ्गा, लेदो तथा गेग्रान आपूर्ति गर्न जिम्मेवार रहेको पाइन्छ ।

जसका कारण गत हप्ताको भीषण बाढीमा कतिपय स्थानमा नदीको बेड लेभल बढ्न गई दायाँ र बायाँ किनारामा समेत बाढीको प्रभाव, असर र क्षति समेत बढेको देखिन्छ । एक अध्ययनका अनुसार काठमाडौंको शहरी क्षेत्र मध्ये करीब ६६ प्रतिशत भन्दा बढी जमिन बिल्ट अप एरियाको रूपमा परिणत भएको पाइन्छ, जसले गर्दा जमिनको सतहमुनि पानी छिर्ने दरमा अत्यधिक कमी आई भूमिगत जलस्रोतको सतह पनि घट्दै (करिब ९ देखि ६८ मिटरसम्म तल झरेको) जाने गरेका कारणले गर्दा परापूर्वकालदेखि नै उपलब्ध भइरहेका ढुंगेधारा, इनार, मूल जस्ता पानीका स्रोतहरू समेत सुकेको पाइन्छ ।

अर्कोतिर रफ्नेस कोफिसेन्ट अत्यधिक कम हुन गई जमिनमा कत्ति पनि पानी नअडिई बगेर जाने गरेका कारण उत्तिकै वर्षा हुँदा पनि नदीमा बाढीको मात्रा बढेको पाइन्छ । माथिल्लो तटीय क्षेत्रमा प्राकृतिक तथा मानवीय कारणले गर्दा सेडिमेन्ट इरोजन भई नदीको सतह बढ्दै जानाले रिभर च्यानलको क्यारिङ क्यापासिटीमा अत्यधिक कमी आई नदीको दायाँ र बायाँ अत्यधिक डुबान तथा क्षति हुने गर्दछ । उत्तिकै बाढी डुबान, कटान र पटान (हजार्ड) हुँदा पनि नदी आसपास, फ्लडप्लेन र जलाधार क्षेत्रमा भएको क्रमश: अतिक्रमण, घर लगायत अन्य संरचना मापदण्डको अपालना, भू-क्षय आदि कारणले (एक्सपोजर, भल्नरेबिलिटी र कोपिंग क्यापबसिटीमा आएको कमी) जोखिम र क्षतिमा बढोत्तरी भएको पाइन्छ । अहिले काठमाडौंमा आएको बाढी ५४ वर्षयताको पक्कै ठूलो बाढी हो, तर विगतमा टिस्टुङमा ५४० मिलिमिटर र कञ्चनपुरमा करीब ६०० मिलिमिटरसम्म परेको पानीको तुलनामा अहिले हामीकहाँ खासै अप्रत्यासित पानी परेको भने होइन । तर यसले हाम्रो तयारीको कमीलाई उजागर गरेको छ ।

मौसमविद्हरूले समयमै सम्भावित खतराको चेतावनी दिएका थिए, तर तयारीमा कमीले गर्दा अपेक्षित रूपमा क्षति न्यूनीकरण हुन सकेन । त्यसैले यसलाई हामीले चेतावनीको रूपमा लिई भोलि फेरि धेरै पानी पर्दा त्यो पानि कहाँ पऱ्यो, कति पऱ्यो, कति अवधि पऱ्यो अनि त्यो पानी कहाँ जान्छ र त्यसले काठमाडौं उपत्यकाका कस्तो कस्तो ठाउँमा कस्तो असर पार्छ भनेर हामीले एकीकृत रूपमा पूर्व तयारी गर्नु वाञ्छनीय देखिन्छ । उपत्यकाको उत्तरतिर को भागमा भन्दा दक्षिणी भागमा बढी वर्षा भएको देखिन्छ । काठमाडौं उपत्यकाको जमिनको पानी सोस्ने र जमिनमुनि पानी छिर्ने क्षमतामा कमी आई 'रन अफ कोफिसेन्ट' अत्यधिक बढेको (झण्डै ०.९ भन्दा बढी) देखिन्छ । अर्कोतिर नदीमा अतिक्रमण वर्षेनि वृद्धि हुँदै गएकोले निम्त्याइएको प्रलय भएकोले, अब यो समस्या वर्षेनि दोहोरिने देखिन्छ । यस पटक मौसमविद्हरूबाट सम्भावित खतराको यथेष्ट एवं पर्याप्त जानकारी र चेतावनी समय प्राप्त हुँदा पनि पूर्व तयारी गरी अपेक्षित क्षति न्यूनीकरण हुन नसक्नुको कारण खोज्नुपर्ने देखिन्छ । विपद् पछिको राहत संस्कृति पनि कहीं कतै केही हदसम्म पूर्व तयारीको बाधक बनेको हो कि भन्ने देखिन्छ ।

### विपद् व्यवस्थापन र समस्या समाधान

काठमाडौंमा अव्यवस्थित शहरीकरण र निर्माण कार्यले बाढीको जोखिम बढाएको छ । मानिसहरूले खोलाको छेउमा घर निर्माण गर्दा, नदीले बहाव गर्न पाउने ठाउँ साँघुरिएको छ । यसले बाढी निम्त्याउन र वातावरणलाई पनि हानि पुऱ्याउन सक्छ, तर निर्माण अघि यी मुद्दाहरू कसैले गम्भीरतापूर्वक अध्ययन गरेका छैनन् । पानी पर्दा खोलाहरूले नजिकका घरहरू बगाउन सक्छन् । उचित योजना बनाएको भए यस्तो समस्या उत्पन्न हुने थिएन । अहिले, धेरै मानिसले खोलाको छेउमा घरहरू बनाइसकेका कारण क्षतिको सम्भावना अत्यधिक बढेको देखिन्छ । त्यसैले, अब हामीले बाढीबाट हुने क्षति कम गर्न उपायहरू खोज्नुपर्छ । बाढी र डुबानको जोखिम कम गर्न एकीकृत नदी व्यवस्थापन योजना लागू गर्नु जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# ‘पर्यटकीय हब’ मुलकोट माथि बाढीको बज्रपात



काठमाडौं/बीपी राजमार्गको नागबेली बाटो हुँदै यात्रा गर्नेहरूले एउटा चित्र पक्कै सम्झेको हुनुपर्छ, सिसै-सिसाको लम्बेतान लस्कर । राजमार्गको भित्ताभरि किला ठोकेर झुन्ड्याइएका ऐनाको बीच भागमा छ, सेतीदेवी मन्दिर । त्यही सेतेदेवी मन्दिरको उकालोबाट देखिन्छ, सुनकोसी किनारको समथर भू-भागमा झुरुप्प मिलेर बसेको बस्ती । होटल, रिसोर्ट र बजारको चहलपहल । करोडौं खर्च गरेर बनाइएका संरचना, स्वीमिङ पुल सहितका सुविधा सम्पन्न रिसोर्ट । सुनकोसीका छालसँगै र्‍याफ्टिङको मज्जा । आन्तरिक र वाह्य पर्यटकको रोजाइ ।

सिन्धुलीको सुनकोसी गाउँपालिका-५ स्थित मुलकोट पछिल्लो समय यही रूपमा चिनिँदै थियो । सुनकोसीको शान्त बेगसँग आनन्दित भएर बसेको मुलकोटको अहिलेको अवस्था भने ठिक विपरीत छ । पानीको फोहरासहितको स्वीमिङ पुल, गार्डेन, पार्क अहिले मरुभूमिमा परिणत भएका छन् ।

गत शुक्रबार र शनिबारको भारी वर्षासँगै आएको बाढीले मुलकोटको हराभरालाई तहसनहस बनाएको छ । होटल, रिसोर्ट, बजार, स्कुल, पुल, स्थानीयका घरहरूमा बाढीले वितण्डा मच्चाएको छ । शान्त र आकर्षक मुलकोट अहिले विपत्तिसँग जुधिरहेको छ । संघीय राजधानी काठमाडौंबाट ९० किलो मिटरको दुरीमा रहेको मुलकोट एक रात बास बसेर फर्कने (वान नाइट स्टे) आन्तरिक पर्यटक र वाह्य पर्यटकको आकर्षक गन्तव्य बन्दै थियो । दिन दुगुना रात चौगुनाको हिसाब द्रुत गतिमा ‘पर्यटकीय हब’ बन्दै गरेको मुलकोटको अहिलेको अवस्था भने विकराल छ, अझ भनौं बाढीको संकटै-संकटबाट गुज्रेको छ ।

सुनकोसीको बाढीले सुनकोसी गाउँपालिका-५ स्थित मुलकोट बजार, सित्खा, खैरनी, रातमाटा डुबान परेर करोडौंको क्षति भएको छ । मुलकोटमा रहेको पशुपति आधारभूत विद्यालयसँगै दर्जनौं होटल तथा रिसोर्ट र बस्तीहरू डुबानमा परे ।

राति नै बस्तीमा सुनकोसी नदी प्रवेश गरेपछि झनै अर्को विपत्ति आइलाग्यो । स्थानीयले भागेर बल्लतल्ल ज्यान त जोगाए, तर सामान भने जोगाउन सकेनन् । जसकारण पनि मुलकोटले झन् ठूलो क्षति बेहोर्नु पर्‍यो । सुनकोसीको बाढीबाट मुलकोटमा मात्रै ६० घरहरू डुबानमा परेको सुनकोसी गाउँपालिकाकी अध्यक्ष दीपा बोहरा दाहाल बताउँछिन् ।

‘मुलकोट बजार र आसपासका ६० घर डुबानमा परे । त्यहाँ भएका सरसामान बाढीसँगै बगे । केही पानीमा डुबेर नष्ट भए, जसकारण झन् ठूलो क्षति बेहोर्नु पर्‍यो,’ उनले भनिन् । मुलकोटमा बाढीले कटान र घरहरू बगाउने भन्दा पनि डुबानका कारण धेरै क्षति भएको छ । भुइँ तलामा ६/७ फिटसम्म बालुवा थुप्रिएको स्थानीय बताउँछन् ।

मुलकोटको स्कुलमा पनि ठूलो क्षति पुगेको छ । जस्ताको छानो मुनिको केही भाग मात्रै देखिन्छ । स्कुल नजिकै रहेको रिसोर्ट र अन्य घर डुबानमा पर्दा ठूलो क्षति भएको छ । सुनकोसीको तीर नजिकै स्कुल बनाइएको थियो । अहिले त्यो स्कुल कोसीले पुरेको छ । त्यहाँ स्कुल बनाउनु नै गलत रहेको मुलकोटकै स्थानीय बताउँछन् ।

राजनीतिक पहुँचका भरमा बजार जोगाउने उद्देश्यले कोसी बगरमा स्कुल बनाइएकाले अब सोही ठाउँमा स्कुल पुनर्निर्माण होइन, स्थानान्तरण गर्नुपर्ने समेत माग उठेको छ । रामेछापसँग जोडिएका कारण पनि मुलकोट चम्किनुको मुख्य कारण हो । लुक्लाको एकमात्र उडान रामेछाप विमानस्थलबाट हुँदै आएको छ । कोसी पारिको रामेछापको विमानस्थललाई आधार बनाउँदै मुलकोटमा ठूलो होटल, रेस्टुरेन्टदेखि रिर्सोटहरूसम्म खुलेका थिए । जसकारण सोलु अर्थात सगरमाथा जाने वाह्य पर्यटकहरूको रोजाइ मुलकोट बन्न पुगेको थियो । काठमाडौंबाट गएर एक रात मुलकोटका रिसोर्टमा बस्ने र भोलिपल्ट बिहानै रामेछाप विमानस्थलबाट लुक्लाको उडान भर्ने वाह्य पर्यटकहरूको रोजाइ मुलकोट बन्दै आएको थियो ।

यसैलाई मध्यनजर गर्दै मुलकोटामा, क्वालिटीबीच रिसोर्ट, पौवा होटल तथा रिसोर्टसहित चार वटा रिसोर्ट र ३५ वटा होटल सञ्चालनमा आएका थिए । तर, सुनकोसीको बाढीले रिसोर्टमा ठूलो क्षति पुगेको क्वालिटी रिसोर्टका भुमराज श्रेष्ठ बताउँछन् । करिब २० रोपनी क्षेत्रफलमा ५० करोड रुपैयाँको लगानीमा ९ साउनमा मात्रै सञ्चालनमा आएको पौवा होटल तथा रिसोर्टमा पनि बाढीले वितण्डा मच्चाएको छ । होटल पौवा प्रालिका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले उद्घाटनका बेला नेपालको पर्यटन उद्योगलाई थप उचाइमा पुर्‍याउने उदेश्यसहित रिसोर्ट खोलिएको बताएका थिए ।

तर, लगानीको दुई महिना नबित्दै बाढीले वितण्डा मच्चाएपछि व्यवसायीहरू त्रसित बन्ने अवस्था आएको छ । बाढीको क्षतिपछि पौवा रिसोर्टले भनेको छ, ‘यो विपदबाट हामी पनि अछुतो रहन सकेनौं । रिसोर्ट बगरमा परिणत भएको छ । यो विपद्‌रुमा सहयोग गर्नुहुने प्रहरी प्रशासन, जनप्रतिनिधिसहित अभिभावकत्व दिई गाँस, बास कपास उपलब्ध गराउनुहुने सुनकोसी गाउँपालिकालाई साधुवाद ।’ यसबाट के प्रष्ट हुन्छ, कि पाहुनालाई गाँस, बास, कपास उपलब्ध गराएर सत्कार गर्ने रिसोर्ट आफैं अहिले सहराको भरमा परेको छ । आन्तरिक र वाह्य पर्यटकीय हब बनेपछि रामप्रसाद नेपालले झन्डै १५ करोड लागतमा अक्सिट विच रिसोर्ट एन्ड र्‍याफ्टिङ सञ्चालनमा ल्याएका थिए । यी सबै होटल रिसोर्टहरू अहिले बन्द अवस्थामा छन् ।

वर्षाले बीपी राजमार्ग पूर्ण ठप्प र होटल रिसोर्टमा समेत करोडौंको क्षति गरेपछि लुक्लाको उडान रामेछापबाट जनकपुर सारिएको थियो । अहिले यी सबै रिसोर्ट र होटलहरू विपद्सँग जधेर तंग्रिने प्रयासमा छन् । अब मुलकोट फेरि जुरमुराउनको विकल्प पनि छैन । बीपी र मुलकोटमा क्षति पुगेपछि एभरेस्ट उडानलाई रामेछापबाट जनकपुर सारियो । तर, त्यो दुई दिन पनि टिक्न सकेन । जनकपुरका अस्तव्यवस्थताका कारण अहिले पर्यटन व्यवसायीहरूले पर्यटकलाई जनकपुर पठाउन छाड्न थालेका छन् ।

लामो र घुमाउरो बाटो र त्यहाँमाथि अस्तव्यस्त र होटलहरूको सेवामा पर्यटकले गुनासो गरेपछि व्यवसायीहरू जनकपुर पठाउने अवस्थामा छैनन् । मंगलबार उडान सुरु भएको दि तारा एअरले २ पटक र बुधबार ५ पटक यात्रु लुक्ला पुर्‍याएको थियो । समिट र सीताले भने यो रुटबाट उडान नगर्ने निर्णय यसअघि नै गरेका थिए । जसकारण पनि मुलकोटको अब उठ्नुको विकल्प छैन । मुलकोटलाई फेरि पहिलेकै अवस्थामा ल्याउने गरी काम सुरु गरिएको संघीय सांसद राजन दाहाल बताउँछन् । ‘विपद्पछि प्रारम्भिक चरणमा गर्नुपर्ने कामहरूमा केन्द्रित भएर हामीले काम सुरु गरेका छौं । अहिले अवरुद्ध बाटो खुलाउनेदेखि राहतमा केन्द्रित भएर काम गरिएको छ । अब बिस्तारै मुलकोटलाई पुरानै लयमा फर्काउने गरी काम अघि बढाउँछौं ।’ अब भने पुनर्स्थापना र पुनर्निर्माणको कामलाई सँगैसँगै अघि बढाउने गरी काम गरिने उनले बताए ।

पर्यटकीय हब मुलकोटको मुहार चम्काउने मुख्य भूमिका बीपी राजमार्गकै हो । बीपी राजमार्ग सञ्चालनमा आएपछि नै राजमार्गभन्दा मुनि बस्ती र बजार विस्तार भएको थियो । त्यसपछि नै सुनकोसी किनारमा होटल र रिसोर्ट खुलेका थिए भने र्‍याफ्टिङ पनि सञ्चालन गरिएको थियो । यी सबैको सञ्चालनसँग जोडिएको बीपी राजमार्गको पहिरोले ध्वस्त बनाएपछि मुलकोट पनि उजाड हुन नै भयो ।

अझै पनि तत्कालै बीपी राजमार्ग नखुल्ने संकेत देखिएपछि मुलकोटको भविष्य पनि बीपीसँगै जोडिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले बिहीबार पत्रकार सम्मेलन नै गरेर दशैंअघि बीपी राजमार्ग नखुल्ने बताएपछि मुलकोटको चमक पनि अहिले नै फर्कन अवस्था देखिँदैन । र, यो अवस्था कहिलेसम्म रहन्छ भन्ने पनि यकिन छैन ।

बाढीको विपत्तिकै कारण कुनै समय फिल्म र म्युजिक भिडिओका सुन्दर दृश्य छायांकन हुने बीपी राजमार्ग र मुलकोट अहिले कुरुप दृश्यका कारण चर्चामा छन् । रिलमा देखिने मुलकोटका ती दृश्यहरू तत्कालका लागि रिलमै सीमित भएका छन् । रियल मुलकोटको मुहार भने अहिले उजाड बगर बनेको छ । अब रिलमा देखिएको सुन्दर मुलकोटको मुहार हेर्न कति समय लाग्छ अहिले नै भन्न सक्ने अवस्था छैन ।

*(स्रोत: अनलाइनखबर)*

# ‘पूर्ण बहादुरको सारङ्गी’को ‘मैझारो’ गीतमा विजयको प्रेमपीडा



काठमाडौं/आगामी कात्तिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’को नयाँ गीत सार्वजनिक गरिएको छ । घटस्थापनाको अवसर पारेर बिहीबार सार्वजनिक ‘मैझारो’ बोलको गीतले प्रेमपीडा बोल्छ । गीतमा शब्द रचना, संगीत र स्वर प्रशान्त सिवाकोटीको छ । फिल्मको यसअघि सार्वजनिक दुई गीत ‘दाहिने हातैमा’ र ‘काँधेकुरी’लाई पनि उनले तयार पारेका हुन् ।

‘मैझारो’ गीतमा श्रीमती (अञ्जना बराइली)ले छाडेपछि गाउँगाउँ पुगेर सारङ्गी बजाउँदै पूर्णबहादुर (विजय बराल)ले आफ्नो प्रेमपीडा सुनाइरहेको देखिन्छ । विजय र अञ्जनाबीचको प्रेमलाई पनि दृश्यमार्फत् देखाउन खोजिएको छ । गीतको अन्तिममा पूर्णबहादुरले आफ्नो छोरालाई सारङ्गी बजाउन सिकाइरहेको दृश्यले पारिवारिक विरासत र गन्धर्व जातिको पेशालाई देखाउने प्रयास गरेको छ ।

सरोज पौडेलको कथा तथा निर्देशनमा बनेको फिल्ममा विजय र अञ्जनासहित प्रकाश सपूत, मुकुन भुसाल, माओत्से गुरुङ, विनोद न्यौपाने, शंकर आचार्य, बुद्धि तामाङ, देशभक्त खनाल, भोलाराज सापकोटा, अलिसा बास्तोला, श्याम केसी, सरिता शाह, जानवी पौडेल लगायतको अभिनय छ । विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ ।

# ‘बेहुली फ्रम मेघौली’को उत्साहजनक सुरुवात, हलमा दर्शकमाझ घेरिइन् स्वस्तिमा



काठमाडौं/मौसम पूर्वानुमान महाशाखाले बागमतीसहित केही प्रदेशमा बुधबार र बिहीबार पानी पर्ने सम्भावना रहेको जनाएपछि फिल्म ‘बेहुली फ्रम मेघौली’को ओपनिङ विथोलिन सक्ने आँकलन गरिएको थियो । पूर्वमा बिहीबार बिहान वर्षा भए पनि काठमाडौंको मौसम भने सफा नै रह्यो । जसले गर्दा फिल्मको ओपनिङ प्रभावित हुन पाएन । र, फिल्मले बक्स अफिसमा उत्साहजनक सुरुवात गरेको छ ।

प्रदर्शनपूर्व ‘एड्भान्स बुकिङ’मै फिल्मप्रति राम्रो क्रेज देखिएको थियो । केही शोज अघिल्लो दिन नै ‘सोल्डआउट’ भइसकेका थिए । बिहीबार बिहानबाटै ‘डोरसेल’ पनि राम्रो हुँदा फिल्मले देशभर उच्च अकुपेन्सी कायम गरेको छ । बिहानी शोजमा ५० प्रतिशतसम्म अकुपेन्सी रहेकोमा दिउँसो थप वृद्धि भयो । मध्यान्हदेखि प्रायःजसो शोजमा ८० प्रतिशतमाथि अकुपेन्सी छ । यो उत्साहजनक हो ।

काठमाडौंसहित पोखरा, भरतपुर, नेपालगञ्ज, बुटवल, विर्तामोड, इटहरी, धरान, दाङ जस्ता सहरहरूमा पहिलो दिन नै फिल्म हेर्न देखिएको दर्शकको लहरले आगामी दिनमा व्यापारमा उछाल आउन सक्ने सम्भावना देखाउँछ । हरेक उमेर समूहका दर्शकलाई आकर्षित गरेको फिल्मले प्रतिक्रिया पनि राम्रै पाएको छ । ‘छड्के सलाम’ गीतले पनि हलमा दर्शक तान्न ठूलो भूमिका खेलेको छ ।

पहिलो दिन नै बिहानदेखि फिल्मले उच्च अकुपेन्सी हासिल गरेपछि फिल्मकी मुख्य अभिनेत्री स्वस्तिमा खड्का दर्शकहरुसँग भेट्न काठमाडौंका विभिन्न हलहरुमा पुगिरहेकी छन् । बिहीबार बिहानै लबिम, सिभिल, बिग मुभिज लगायतका हाउसफुल मल्टीप्लेक्स हलहरुमा पुग्दा उनीसँग तस्वीर खिच्न दर्शकहरुबीच ठूलो हानाथाप चलेको थियो । दर्शकको प्रेमले उनी पनि प्रफुलित देखिन्थिन् ।

उनले सिक्वेल फिल्म नहुँदा पनि दर्शकमा देखिएको उत्साहले खुसी मिलेको बताइन् । उनी भन्छिन्, ‘एकदमै खुसी लागिरहेको छ । सिक्वेल फिल्म नहुँदा पनि यसरी हलमा दर्शकको उपस्थिति एकदमै कम देख्न पाइन्छ । बिहानदेखि जुन खालको दर्शकको उत्साह देखिएको छ, त्यसले म एकदमै खुसी छु ।’ हलबाट निस्किएका प्रायः दर्शकले स्वस्तिमाको अभिनयको ज्यादा प्रशंसा गरेका छन् । ‘बेहुली फ्रम मेघौली’ले सर्वाधिक शोज (देशभरका हलमा ३४० शोज) पाएको थियो । उपलब्ध शोजमा अकुपेन्सी पनि उत्साहजनक देखिएकाले फिल्मले १ करोड २० लाखमाथिको ओपनिङ गर्ने देखिन्छ । शुक्रबारबाट रिलिज हुने हलिउड फिल्म ‘जोकर २’बाहेक फूलपाती (असोज २४)सम्म स्वदेशी र विदेशी फिल्मको चुनौती नभएकाले फिल्मले उत्साहजनक व्यापारलाई कायम राख्न सक्छ ।

सजन काफ्ले र आकाश बरालको संयुक्त लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा निश्चल बस्नेत, स्वस्तिमा खड्का, विजय बराल, सिरु बिष्ट, सिम्रन खड्का, आमिर गौतम, बसुन्धरा भुषाल, लोकेन्द्र लेखक, रक्षा थापा लगायतको अभिनय छ । स्वस्तिमा र निश्चल दम्पतीको निर्माण रहेको फिल्मको कार्यकारी निर्मातामा भने फिरोज खड्का र शंकर पाण्डे छन् । फिल्मले विवाहको कथा भन्छ ।

# उपत्यकामा खानेपानी हाहाकार, मेलम्चीको आश मात्रै

काठमाडौं/पानी नहुँदा बुद्धनगरमा डेरा बस्ने सुयोग नेपालको दैनिकी खल्बलिएको छ । पाँच दिनदेखि पानी नहुँदा उनी दिनहुँ जारको पानी किनेर चलाइरहेका छन् । ‘धारोमा पानी आएकै छैन, कपडा धुन नपाएको एक हप्ता भइसक्यो । ट्यांकरको पानी पनि नआउँदा जारको पानीले मुख धुनुपरेको छ । शौचालयमा समेत जारको पानी प्रयोग गर्नुपरेका छ,’ नेपालको गुनासो छ ।

उनले पानी नहुँदा दैनिक खर्च बढेको समेत सुनाए । ‘जारको पानी दिनकै प्रयोग गर्दा खर्च कति हुन्छ, आफैं भन्नुस् । राजधानीकै अवस्था यस्तो छ । अन्तको कुरा के गर्नु ?,’ सरकारप्रति उनले आक्रोश पोखे । बुद्धनगरका उनीमात्र होइन, थापागाउँकी शर्मिला श्रेष्ठ पनि अहिले आक्रोशित छिन् । ‘राजधानी रे, पानीको कहिले ठेगान छैन, अब मेलम्ची कहिले आउने थाहा छैन, ट्यांकरवालाले पनि फोन गर्दा पानी झारेका छैनन्,’ घर डेरामा लगाएकी श्रेष्ठ भन्छिन्, ‘अब पानी नहुँदा तनाव हुनै नै भयो । केयूकेएलका मान्छेको काम बिल मात्रै लिने हो र ?’

उता, कीर्तिपुर नगर पालिकामा पनि पानीको समस्या भएको कार्यवाहक प्रमुख सुनिता शाक्य बताउँछिन् । ‘अहिले कीर्तिपुरको अधिकांश क्षेत्रमा पानीको समस्या छ, मूल स्रोतहरूमै रुख ढलेको, फोहोर जम्मा भएको अवस्था छ,’ शाक्यले संचारकर्मीसँग भनिन् ।

उनका अनुसार कीर्तिपुरमा मुख्य गरेर दूधपोखरी, नौमुले क्षेत्रको पानीको मुहान बिग्रेको छ । ट्यांकरको पानी पनि नआउँदा थप जोखिम भएको छ । ‘पहिले धारामा पानी नआउँदा ट्यांकर आउने गर्थ्यो तर ट्यांकरले पनि भर्ने स्थानमा बाढी पस्दा त्यो पनि सम्भव छैन । त्यही भएर अहिले धेरै समस्या भएको हो । एक हप्ताभित्र समाधान हुने आश गरेका छौं,’ शाक्यले भनिन् ।

**पानी वितरण ६५ प्रतिशत कम**

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) का अनुसार अहिले नियमित हुनुपर्ने पानी वितरणभन्दा ६५ प्रतिशत घटेको छ । ‘हामी सामान्य बेला भएको भए अहिले दैनिक १६ करोडदेखि १८ करोड लिटरसम्म खानेपानी वितरण गर्दै आएका थियौं,’ मेलम्चीका प्रवक्ता प्रकाशकुमार राई भन्छन्, ‘अहिले ६ देखि ८ करोड लिटरमात्रै पानी वितरण भइरहेको छ । अब पानी नै कम वितरण भएपछि हाहाकार त हुने नै भयो नि !’

राईका अनुसार उपत्यकामा आएको भीषण वर्षा र बाढीले केयूकेएलमा मात्रै करिब ३० करोड रुपैयाँ हाराहारी क्षति पुगेको छ । ‘हाम्रो अहिले धेरै ठाउँको प्लान्ट र पम्प बिग्रेको छ । धेरै पम्प डुबानमा परेर बन्द भएका छन्, केही बगाएका पनि छन् । त्यो सबै क्षतिको विवरण संकलन हुँदैछ । कतिपय ठाउँमा हिलो जमेर नदेख्ने अवस्थामा छन्,’ राईले भने । उनका अनुसार केयूकेएलको मुहान रहेको शिवपुरी वन क्षेत्रको केही स्थानमा पहिरो जाँदा बिग्रेको छ ।

‘केयूकेएल पूर्ण क्षमतामा चल्न केही समय अझै लाग्ने देखिन्छ । हाम्रो पानी वितरण घट्दा ट्यांकरको पानी पनि हाहाकार नै हुन्छ,’ राई थप्छन्, ‘ट्यांकरले पानी भर्ने पनि स्थानीय खोला, खोल्सीबाट नै हो तर त्यो सबै बिग्रेको छ । केही ट्यांकरले इमर्जेन्सी हुनेलाई वितरण गरिरहेका छन् ।’

**मौसम सफा हुने बितिकै पानी आउछ : मन्त्री यादव**

खानेपानीमन्त्री प्रदीप यादव मनसुन सफा भएसँगै मेलम्चीको पानी काठमाडौंमा पथान्तरण हुने दाबी गर्छन् । यादवले मौसम सफा भएको केही दिनभित्रै मेलम्ची पानी काठमाडौंमा वितरण गरिने बताए । ‘अहिले उपत्यकामा खानेपानीको समस्याबारे मन्त्रालय जानकार नै छ तर मेलम्चीको पानी खोल्ने बित्तिकै काठमाडौं उपत्यकामा पानीको समस्या समाधान हुन्छ,’ यादव भन्छन् ।

उनका अनुसार त्यसभन्दा अघि पाइपको पनि डिजिटल प्रणाली, त्यसबाट कहाँ-कहाँ पाइप फुटेको छ, कहाँ नष्ट भएको छ, त्यो हेर्ने काम भइरहेको छ । देशभरि खानेपानीको क्षेत्रमा मनसुनजन्य विपद्रुबाट करिब ३ अर्ब २४ करोड क्षति भएको छ ।

**बाढी प्रभावित वडामा ट्यांकर, काठमाडौंको भर केयूकेएलमै**

ललितपुर महानगर पालिकाले विपद् प्रभावित वडामा ट्यांकरबाट पानी वितरण गर्ने भएको छ । महानगर स्तरीय विपद् व्यवस्थापन समितिको आइतबार बसेको बैठकले वडा स्तरबाट खानेपानी व्यवस्थापन गर्ने निर्णय गरेको हो । मेयर चिरीबाबु महर्जनले बाढी, पहिरोपछि पानीको स्रोत प्रभावित हुने भएकाले पानीजन्य रोग फैलिन नदिन यो व्यवस्था गरेको बताए । ‘पानी शुद्धीकरणका लागि किटनाशक औषधिको समेत व्यवस्था गरेका छौं,’ उनले भने । बैठकले अत्यावश्यक औषधि ‘जीटूजी’ माध्यमबाट खरिद गर्ने समेत निर्णय गरेको छ । यता, काठमाडौं महानगर पालिकाले भने खानेपानीको जिम्मा केयूकेएलले नै लिएको जनाएको छ ।

‘खानेपानीको जिम्मा केयूकेएलले नै लिएको छ । समस्या परेको विषयमा महानगरले झकझक्याउने मात्रै हो । पानी उपलब्ध उनीहरूले नै गर्छन्,’ महानगर प्रवक्ता नवीन मानन्धर भन्छन्, ‘अहिले विपद्का बेला भएर पानी पर्याप्त नभएको गुनासो आएको हो ।’

*(स्रोत: अनलाइनखबर)*

# पहिरोमा ८ जनाको परिवारै गुमाएका माइला

काभ्रे/तेमाल गाउँपालिका-२ काभ्रेका माइला तामाङ धुलिखेल अस्पतालमा उपचाररत छन् । उनको शरीरमा लागेको चोट त निको हुँदैछ, तर मन भने भारी बन्दै गइरहेको छ । अविरल वर्षापछि आएको पहिरोमा बुबा, आमा, श्रीमती सहित परिवारका ८ सदस्य गुमाएका उनी अस्पतालको शय्यामा घरि टोलाउँछन्, घरि भक्कानिन्छन् ।

भन्छन्, ‘परिवार त बचाउन सकिन सकिन, किरिया पनि गर्न नसक्ने अवस्थामा भएँ ।’ गत असोज १० गते रातिदेखि नै पानी परिरहेको थियो । घर नजिकैको खहरेखोला बढेपछि माइला र उनकी श्रीमती ११ गते आमाबुवा र भाइको परिवार बस्ने मूलघरमा गएका थिए । मूलघर अलिमाथि डाँडामा थियो । त्यहाँ त सुरक्षित भइएला भन्ने उनको आशा थियो ।

दिउँसो ११ बजेतिर सबैजना घरमै थिए । माइलाका बुबा (सानु तामाङ) घरभित्र झ्याल नजिकै पलङमा थिए, आमा झिरमाया, श्रीमती, बुहारी र भाइको छोरा पिँढीमा थिए । भाइ मनजित र छोरीहरु टहरामा थिए । ‘हेर्दाहेर्दै पहिले टहरा बगायो, आँखै अगाडि भाइ र छोरीहरु पहिरोमा पुरिए’, उनले भने, ‘बुबा आमालाई पहिरो आयो भागौं भन्दा भन्दै घर माथिको आँपको रुखसहित घर बगायो । त्यसपछि केही थाहा भएन ।’

माइला होसमा आउँदा दिउँसो साढे ३ भएको रहेछ । ‘हिलोले कम्मरसम्म पुरिएको र घोप्टो परेको अवस्थामा रहेछु’, उनले सम्झिए, ‘धेरै पटक बोलाउँदा पनि कोही नबोलेपछि सबै पहिरो परे भन्ने लाग्यो ।’ पहिरोले बगाएर तल पुगेका माइला घस्रिदै निस्किए । साँझ ५ बजेतिर माथिबाट छिमेकीले पहिरो गएको देखे । स्थानीय अनिल तामाङ र फुलमान तामाङ आएर उद्धार गरे । उनीहरुले आफ्नो घरमा लगे ।

अर्को दिन नेपाली सेनाको हेलिकप्टरले उद्धार गरेर धुलिखेल अस्पतालमा ल्यायो । उनको शरीर भरि चोट लागेको छ । तिघ्रामा निलडाम छ । पहिरोमा पुरिएका उनको बुवा सानु, आमा झिरमाया, श्रीमती कान्छीमाया र भाइ मनजित, भाइबुहारी कान्छी र भाइको छोराको शव भेटिएको छ । मनजितका छोरीहरु अझै फेला परेका छैनन् । मृतक ६ जनाको दाहसंस्कार भइसकेको छ माइलाका कान्छा भाइ कमलजित विदेशबाट आएर स्वयम्भुमा किरिया बसेको परिवारले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# ‘रंगी’को स्क्रिप्ट पूजा, मुख्य भूमिकामा सलोन र नम्रता

काठमाडौं/अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्म ‘रंगी’को घटस्थापनाको साइत पारेर ‘फाइनल’ स्क्रिप्ट पूजा गरिएको छ । बिहीबार काठमाडौंको कमलादीस्थित गणेशस्थान मन्दिरमा सलोनसहित बस्नेत परिवार (शोभित बस्नेत र करिश्मा केसी), यही फिल्मबाट डेब्यु गर्न लागेकी पूर्वमिस नेपाल नम्रता श्रेष्ठ, निर्देशक सुरेश न्यौपाने लगायतले स्क्रिप्ट पूजा गरे । फिल्मको छायांकन भने आगामी कात्तिक ५ गतेदेखि सुरु हुने निर्देशक न्यौपानेले जानकारी दिए ।

बाबु-छोरीबीचको भावनात्मक सम्बन्धको कथामा बन्न लागेको फिल्ममा नम्रताको जोडी सलोनसँग बाँधिने जनाइएको छ । दीलिप रायमाझी, आरुषी कार्की, विशाल पहारी र सुमिन गुरुङको पनि अभिनय रहने ‘रंगी’बाट सुरेशले निर्देशनमा डेब्यु गर्दैछन् । उनीसँग ‘छक्का पन्जा’, ‘ए मेरो हजुर २’, ‘म यस्तो गीत गाउँछु २’ जस्ता फिल्ममा सहायक निर्देशक भएर काम गरेको अनुभव छ ।

सक्षम सुवेदीको निर्माणमा बन्न लागेको फिल्ममा सुमन गजमेरको स्क्रिप्ट लेखन छ भने सौरभ लामाको छायांकन, आमेश भण्डारी, दुर्गेश थापा र भीम बिसीको संगीत तथा कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी रहनेछ । सलोन-सलिना फिल्मस्को ब्यानरमा निर्माण हुने ‘रंगी’लाई यसै वर्ष रिलिजको तयारी गरिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

# ११ नम्बर वडा बालमैत्री वडा घोषणा उन्मुख

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-११ लाई भोलि शनिवार बालमैत्री वडा घोषणा गरिने भएको छ । विहिबार पत्रकार सम्मेलनको आयोजना गर्दै ११ नम्बर वडाका वडाअध्यक्ष जुना दाहालले निष्कृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको बताइन् ।

अध्यक्ष दाहालले बालमैत्री वडा घोषणापश्चात पनि बालबालिकाको क्षेत्रमा उचित र आवश्यक लगानीमा वडा तत्पर रहने बताइन् । 'हामी यस अभियानलाई दिगो रुपमा अघि लानेछौं, बालबालिकामा निगरानी राखि उनीहरुको भविष्य उज्ज्वल बनाउनेछौं', उनले भनिन् । वडाले बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकमा अभ्यास गरी ५१ वटा सूचकमध्ये ४४ वटा सूचक सतप्रतिशत र १ सूचक ९८ प्रतिशत १ सूचक ९७, १ सूचक ९५, १ सूचक ९०, १ सूचक ८१ र १ सूचक ८० प्रतिशतसम्म नतिजा हासिल भएको अध्यक्ष दाहालले बताइन् ।




वडामा घरधुरी तथ्यांक संकलन २०७९ अनुसार कुल ११ हजार १ सय ५ जनसंख्या रहेको छ । जसमा १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ३ हजार ४ सय १७ रहेको छ । जसमा १ हजार ७ सय ९८ बालक र १ हजार ६ सय १९ बालिका रहेको वडा बालसहजकर्ता क्रिस्टिना मैनालीले बताइन् । उनले समुदायस्तरमा २५ वटा बालसमू र १ वडा बालसञ्जाल रहेको छ । जसमा ६ सय २५ जना बालबालिका आवद्ध रहेको बताइन् ।

२०७९ देखि वडामा अभियान सञ्चालन गरिएको र यो अवधिमा वडाका विभिन्न स्थानबाट बालश्रमिकको उद्दार गरी पारिवारि कमिलन गरिएको छ भने बालविवाह रद्द गरिएको वडाअध्यक्ष दाहालले बताइन् । यस अभियानमा गत आव र चालु आवमा गरी करिब ९ लाख रुपैयाँ भन्दा बढी खर्च भएको जानकारी दिइन् ।

पत्रकार सम्मेलनमा वडासदस्य सञ्जय विडारी, विकास नेपाल, गोपिनी सापकोटा, गीता सुनार, नगरपालिकाका महिला तथा बालबालिका शाखाकी बिना थिङ, टोल विकास नगरसमन्वय समितिका महासचिव देवकुमार श्रेष्ठ, वडासचिव जीवन ढुंगेल, ग्रामीण असाहय बालविकास केन्द्रका सुमित्रा काफ्ले लगायतको उपस्थिति रहेको थियो । यस अघि वडालाई पूर्णखोप वडा, पूर्णसाक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा गरिसकेको छ ।

# शुभकामना खुलादौडमा गौतम प्रथम

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ हेटौंडामा भएको शुभकामना खुलादौड प्रतियोगितामा सन्तोष गौतम प्रथम भएका छन् । हेटौंडा-२ मनकामना चोकदेखि मनकामना मन्दिर मकवानपुरगढीसम्म २.५ किमिको दौड प्रतियोगिता बकैया गाउँपालिका वडा-७, हात्तीखोलाका गौमतले १४ मिनेट ५८ सेकेण्डमा पूरा गर्दै प्रथम भएका हुन् ।

यस्तै हेटौंडा-१४ का सञ्जीव मिजारले १५ मिनेट ५२ सेकेण्डमा निर्धारित दुरि पारगर्दै द्वितीय भए । यसैगरी हेटौंडा-४, कमलडाँडाका सुवास योञ्जनले १६ मिनेट २३ सेकेण्डमा दौड पूरागर्दै तृतीय भए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: १० हजार, ६ हजार र ४ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्रदान गरियो ।

विजयादशमीको अवसरमा दि रिभाइभल युथ क्लब हेटौंडा-२ को आयोजन तथा हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयको सहयोगमा बिहीबार भएको शुभकामना दौड प्रतियोगितामा ४६ जनाको सहभागिता रहेको थियो । मनकामना मन्दिरको पर्यटन प्रवर्द्धनका साथै र मन्दिरलाई धार्मिक आकर्षणको केन्द्र बनाउने उद्देश्यले फरक ढंगबाट प्रतियोगिताको आयोजना गरेको बताइएको छ ।

यसवर्षको पहिलो प्रतियोगितामा उल्लेखनीय उपस्थिति रहेकोले यसलाई निरन्तरता दिने प्रयास गरिने क्लब अध्यक्ष चन्द्र शाही बताउँछ्न । प्रतियोगितामा नेपाल एथ्लेटिक्स संघका राष्ट्रिय निर्णायक राजाराम पोखरेल, जिल्ला एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डेले निर्णायकको भूमिकामा सहयोग गरेका थिए ।

मनकामनाचोकमा उद्घाटन गरिएको प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम मनकामना मन्दिर परिसरमा गरिएको थियो । दि रिभाइबल युथ क्लबका अध्यक्ष शाहीको सभाध्यक्षमा तथा २ नम्बर वडाध्यक्ष विष्णुगोपाल महजर्नको प्रमुख आतिथ्यमा प्रतियोगिताको शुभारम्भ तथा पुरस्कार वितरण भएको हो ।

# चुच्चेखोला सामुदायिक वनको साधारणसभा



साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ हेटौंडा उपमहानगरपालिका-६ चुच्चेखोलामा रहेको चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहको ३५ औं वार्षिक साधारणसभा भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै बागमती प्रदेशका वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवालले सामुदायिक वनले नेपालको नाम विश्वभरि फैलाएकोमा खुशी व्यक्त गरेका छन् । समूहले सालकको संरक्षण गरी उदाहरणीय काम गरेको बताउँदै यसैको माध्यमबाट पर्यटक भित्राउन सकिने उनले जोड दिए । वन व्यवस्थापन गरी वनको उत्पादकत्व बढाउन समूहले काम गर्नुपर्नेमा उनको जोड थियो ।

मन्त्री सिलवालले सामुदायिक वनमा रहेको कतिपय ऐन कानून उपयुक्त नभएको देखिएको बताउँदै त्यस्ता ऐन कानुन परिमार्जन गर्न आफू सदैव तयार रहेको बताएका छन् । साधारणसभामा समूहका अध्यक्ष लक्ष्मण कटुवालले संस्थागत प्रतिवेदन, कोषाध्यक्ष कमला दाहालले आर्थिक वर्ष ०८१/८२ को लागि १ करोड ७८ लाखको अनुमानित आयव्यव विवरण र लेखासंयोजक गोपालचन्द्र भट्टराईले लेखासमितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा ज्येष्ठ उपभोक्ता, वनडढेलो नियन्त्रण, सालकसंरक्षण तथा शैक्षिकक्षेत्रमा उत्कृष्ट अंक हासिल गर्ने विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । ज्येष्ठ उपभोक्ता हर्कबहादुर दोङ, विष्णुप्रसाद पुडासैनी, जगन्नाथ देवकोटा, महकुमारी तिमल्सिना, पूर्णबहादुर स्याङतान, गोविन्दबहादुर प्रजापति, वनडढेलोतर्फ गोपी भण्डारी, दुर्गाप्रसाद घिमिरे, मनिष न्यौपाने, नवराज सञ्जेल, उत्कृष्ट विद्यार्थी संजिता नेपाल, बन्दना गौतम, विधान पाखिन, सरस्वती अर्याल, निजर्रा र सम्बा र दिलिप ढकाललाई पुरस्कृत गरिएको थियो ।

सालक संरक्षणतर्फ विजय राई, प्रल्हाद चौलागाई, आईतीमाया डिमडुङ, सन्तोष श्रेष्ठ र हर्कबहादुर गोलेलाई पुरस्कृत गरिएको थियो । साधारणसभामा हेटौंडा-१७ का वडाअध्यक्ष उद्धव सत्याल, मकवानपुरगढी-२ का वडाअध्यक्ष बखानसिं पाखिन, वनस्पति अनुसन्धान केन्द्र मकवानपुरका प्रमुख रघुराम पराजुली, डिभिजन वन कार्यालय मकवानपुरका वनअधिकृत बसन्तराज गौतमलगायतको आतिथ्यता रहेको थियो । २ सय ३४ हेक्टर क्षेत्रफलमा फैलिएको यो सामुदायिक वनमा करिव १ हजार १ सय ७० घरधुरी आवद्ध रहेको कार्यालयसचिव केदार गौतमले बताए ।

# युवा बचतको १८ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ हेटौंडा उपमहानगरपालिका-२, स्थित युवा बचत तथा ऋण सहकारी संघको १८ औं बार्षिक साधारणसभा भएको छ । साधारणसभाको बागमती प्रदेशका संस्कृति पर्यटन तथा सहकारीमन्त्री बिमल ठकुरीले उद्घाटन गरे ।

सहकारीको कारण सर्वसाधारणलाई सानोतिनो गर्जो टार्न सहज भएको उनको भनाई छ । सर्वसाधारणको सुखदु:खको साथी सहकारी नियमसंगत चल्नुपर्नेमा सधै सचेत हुनुपर्ने उनले बताए । सहकारीले आर्थिक वर्ष २०७९/८० मा शेयरसदस्य संख्या २ हजार ५९२ बाट वृद्धिगरी २ हजार ६८७ पुर्‍याइएको छ । संस्थाको बचत हाल २१ करोड ३१ लाख ३९ हजार ६९७ रुपैयाँ रहेको छ ।

यसैगरी शेयरपूँजी रकम २ करोड ५० लाख ९४ हजार ३०० रुपैयाँ रहेको अध्यक्ष राजु गौतमले बताए । संस्थाले हाल कर्जामा २० करोड ३१ लाख ४१३ रुपैयाँ लगानी गरेको छ । साधारण सभाले अध्यक्ष गौतम, सचिव सुरेश रेग्मी, कोषाध्यक्ष प्रकाश लम्साल, ऋण उपसमिति संयोजक सूर्यप्रसाद घिमिरे, लेखासंयोजक सन्तोष घिमिरेको प्रतिवेदन पास गरेको छ ।

साधारणसभामा जिल्ला सहकारी संघ/जिल्ला दुग्ध संघको अध्यक्ष हरिप्रसाद कंडेल, हेटौंडा उपमहानगरपालिका सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत संघ अध्यक्ष कल्पना श्रेष्ठ, राष्ट्रिय सहकारी बैंकका रामेश्वर अर्याल, कृषि विकास बैंक प्रबन्धक नुरप्रसाद गौतमलगायतको उपस्थिति रहेको थियो ।

# पूर्वमन्त्री श्रेष्ठले गराए बागमती सरकारको ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, १७ असोज/ बाढी प्रभावितक्षेत्र सिन्धुलीको खुर्कोटमा तत्काल बेलिब्रिज निर्माणका लागि बागमती प्रदेश सरकारको ध्यानाकर्षण गराइएको छ ।

बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री गंगानारायण श्रेष्ठले मुख्यमन्त्री बहादुरसिं लामालाई भेटेर बेलिब्रिज निर्माणका लागि पहल गरेका हुन् । मुख्यमन्त्री लामा, आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले र आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेलाई भेटेर सिन्धुलीको खुर्कोटमा सुनकोसी नदीले बगाएको पुलको ठाउँमा तत्काल बेलिब्रिज जडान गर्न ध्यानाकर्षण गराएका हुन् ।

सिन्धुलीबाट निर्वाचित प्रदेशसभा सदस्य श्रेष्ठले ११ बुँदामा विपद् प्रभावितक्षेत्रमा प्रदेश सरकारले खेल्नुपर्ने भूमिकाको बारेमा ध्यानाकर्षण गराएका छन् । उनले जोखिममा परेका रोगी, अशक्त, वृद्धवृद्धा, गर्भवती, अपाङ्गता भएकालाई जोखिममुक्त स्थानमा स्थानान्तरण गर्न, बासगाँस टुटेका परिवारका लागि रेडक्रस सोसाइटीलगायत अन्य सहयोगी संघसंस्थाको सहयोगमा तत्काल प्रबन्ध मिलाउन, पहिरोको जोखिम रहेका सडक बन्द गरी वैकल्पिक मार्ग खुलाउन, जोखिमयुक्त मार्ग प्रयोग गर्नैपरे उच्चसावधानी र सतर्कताकासाथ गर्न दिन सरकारसँग अनुरोध गरे ।

खानेपानी र सरसफाईका क्षतिग्रस्त संरचनाका स्थानमा शुद्ध पिउने पानी र शौचालयको व्यवस्था गर्न, डुबानमा परेका वा विपदका कारण प्रदूषित भएका बस्ती, पानीका मुहान वा पानीका स्रोतको सरसफाईका लागि तत्काल पहल गर्न, विपदबाट प्रभावित बस्तीमा स्वास्थ्य चेकजाँचका घुम्ती शिविर चलाउन सरकारको ध्यानाकर्षण गराएको श्रेष्ठले बताए ।

नियमित विकास निर्माणका अन्य सबै कार्य केही समयका लागि स्थगित गरी राज्य तथा निजीक्षेत्रसँग भएको प्राविधिक जनशक्ति, उपकरणको प्रयोग गरी क्षतिग्रस्त सार्वजनिक संरचनाको पुन:निर्माणमा जुट्न, विद्यमान भूउपयोग नीति, नदीकिनार मापदण्डहरु आवश्यक परे पुनरावलोकन र संशोधन गरी कडाईका साथ कार्यान्वयन गर्न पनि उनले माग गरेका छन् ।

नदीउकास जमिनमा रहेका बस्तीलाई सुरक्षितस्थानको पहिचान गरी एकीकृत बस्ती विकास योजना तयार गरेर कार्यान्वयन गर्न श्रेष्ठले अनुरोध गरे । पूर्वाधारको निर्माण गर्दा आयोजना अध्ययनदेखि डिजाइन र कार्यान्वयनसम्म विपद र जलवायु परिवर्तन उत्थानशीलता, वातावरणीय जोखिम न्यूनीकरणका अवधारणालाई एकीकृत गरेर लग्ने कुरा नीति, कानुन, संहिताबाट नै सम्बोधन गर्न उनको अनुरोध थियो ।

# बाढी पहिरो प्रभावितले दशैंअघि अस्थायी आवास पाउन मुश्किल

काठमाडौं/१२ असोजको बाढी, पहिरो र डुबानका कारण घरबास गुमाएकाहरुलाई अस्थायी आवासको प्रबन्ध गर्न ढिला हुने भएको छ । हाल केन्द्र, प्रदेश र स्थानीय तह उद्धार, राहत र सडक खुलाउने काममा व्यस्त भएकाले अस्थायी आवास निर्माण प्राथमिकतामा परेको छैन ।

प्रभावित क्षेत्रमा स्थानीय तहले पर्याप्त राहत सामग्री समेत पुर्‍याउन सकेका छैनन् । स्थानीय तहहरुले नै मृत्यु र घरबास गुमाएकाहरुको विवरण संकलन गरेर राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउनुपर्छ । तोकिएका फारम भरेर स्थानीय तहले प्राधिकरणाको प्रणालीमा राखेपछि प्राधिकरणले अस्थायी आवासको पहिलो किस्ताको रकम निकासा गर्ने व्यवस्था छ ।

तर, स्थानीय तहहरुले दशैंअघि नै क्षति भएका घरहरुको विवरण पठाउन कठिन हुने बताइरहेका छन् । उनीहरुले विवरण नल्याएसम्म अस्थायी आवासका लागि रकम निकासा गर्न नमिल्ने विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणको भनाइ छ ।

प्राधिकरणका सहसचिव बसन्त अधिकारी स्थानीय तहहरुले जतिसक्दो छिटो अनलाइन विवरणहरु इन्ट्री गर्छन्, त्यति नै छिटो अस्थायी आवासका लागि राहत रकम पठाउन सकिने बताउँछन् । 'कतिपय वडाहरुले विवरण संकलन थालेर विवरण भर्न सुरु गरिसकेका छन्', उनले भने, 'हामीले ती विवरणमा आधारमा अस्थायी आवासको रकम दिन थाल्छौं ।'

सरकारले अस्थायी आवासका लागि ५० हजार रुपैयाँ उपलब्ध गराउने छ । दुई किस्तामा २५-२५ हजार रुपैयाँ दिने सरकारी नियम छ । यस्तो रकम स्थानीय तहहरुमार्फत नै पीडितको बैंक खातामा पुग्ने छ । तर, अहिलेसम्म कुन स्थानीय तहको कुन वडामा कति घरहरु क्षतिग्रस्त भए भन्ने विवरण नै संकलन हुन सकेको छैन । ठूलो क्षति भएकाले उद्धार र राहतमा नै अलमलिएका स्थानीय तहहरु विवरण संकलन कहिलेदेखि कसरी सुरु गर्ने अन्योलमा छन् ।

पनौती नगरपालिकाका मेयर रामशरण भण्डारी पनौतीभित्र मात्रै करिब ५ सय घर क्षतिग्रस्त भएको र ७ सय परिवार विस्थापित भएको अनुमान गरिएको बताउँछन् । 'अहिले हामी प्रभावितहरुलाई सुरक्षित स्थानमा सार्ने र न्युनतम खाद्यान्नको व्यवस्था गर्ने प्रबन्धमा जुटेका छौं', उनले भने, 'दशैंअघिसम्म प्रभावितहरुलाई पर्याप्त खाद्यान्न, औषधि, कपडाको व्यवस्था गरिसक्छौं ।'

अस्थायी र स्थायी आवास निर्माणका लागि भने संघ र प्रदेश सरकारले गर्ने सहयोगका आधारमा रकम वितरण गर्ने उनको भनाइ छ । अहिले जीवन जोगाउने कुरा नै प्राथमिकतामा रहेको र दशैंसम्म सबै प्रभावितलाई पर्याप्त राहत वितरण गरिने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*


## व्यक्तिगत घटना दर्ता गरौं

घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई नि:शुल्क घटना दर्ता गरौं ।

**घटना दर्ता कसले गर्ने**

- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध विच्छेद घटना पति पत्नी दुवैले
- बसाई सराईकौं घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सरी जने व्यक्तिले ।

**समाज र राष्ट्रलाई हुने फाइदा**

- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्धत मिल्ने ।
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्दत मिल्ने ।
- खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग हुने ।
- आवासको व्यवस्था गर्न सहयोग हुने ।

**व्यक्तिलाई हुने फाइदा**

- घटना दर्ताको प्रमाणलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने ।
- स्कूलमा भर्ना हुनको लागि सजिलो पर्ने नागरिकाता प्रमाणपत्र लिन सहज हुने ।
- नाता कायम गर्न सहज हुने ।
- चल अचल सम्पत्ति नामसारी गर्न सजिलो हुने ।
- पति पत्नि् बिच वैधानिक सम्बन्ध कायम हुने ।
- जीवन बिमा, पेन्सन, उत्पदान वा बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्न सुविधा हुने आदी ।

**हेटौंडा उपमहानगरपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सचिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना